

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक २७ गते शुक्रबार ❑ 13 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

'हिमाली उत्थानशीलताका लागि अनुदानमा आधारित जलवायु वित्त र स्थानीय नेतृत्व आवश्यक'

रासस
काठमाडौं, २६ कार्तिक

जलवायुका क्षेत्रमा कार्यरत सरोकारवाला तथा विज्ञले जलवायु परिवर्तनको उच्च जोखिममा रहेका हिमाली मुलुक तथा समुदायको संरक्षण र उत्थानशीलता अभिवृद्धिका लागि पर्याप्त, अनुमानयोग्य र अनुदानमा आधारित जलवायु वित्त उपलब्ध गराउन अन्तरराष्ट्रिय समुदायसँग आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय 'जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औँसम्मेलन(कोप-३१)'अन्तर्गत बिहीबार नेपाल पेभिलियनमा आयोजित 'हिमालयदेखि विश्वव्यापी जलवायु कार्यसम्म: पर्वतीय उत्थानशीलता, प्रकृतिमा आधारित समाधान र स्थानीय नेतृत्वमा आधारित अनुकूलनका लागि वित्तपोषण' विषयक उच्चस्तरीय समूहगत छलफलमा उहाँहरुले जलवायु सङ्कटमा न्यून योगदान गर्ने नेपालजस्ता देशले यसको सबैभन्दा ठूलो भार व्यहोर्नुपरेको बताउनुभयो।

राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी)द्वारा आयोजित छलफललाई सम्बोधन गर्दै कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले हिमालय केवल नेपालका पहाड मात्र नभई ती विश्वव्यापी सम्पदा भएको र तिनले नदीलाई पानी उपलब्ध गराउने, जीविकोपार्जनमा सहयोग गर्ने र पृथ्वीको पारिस्थितिकीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "हिमालको संरक्षण हाम्रो राष्ट्रिय कर्तव्य मात्र नभई साझा विश्वव्यापी उत्तरदायित्व हो।" विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य भए पनि जलवायु परिवर्तनका गम्भीर परिणाम भोग्नुपरेको उल्लेख गर्दै उहाँले हिमनदी पग्लिने, हिमताल विस्तार हुने, अतिवृष्टि, बाढी तथा पहिरोका घटना बढ्ने क्रमले हिमाली समुदायको जीवन र जीविकोपार्जनमा गम्भीर असर पारेको बताउनुभयो। गत अगस्टमा रसुवा-भोटेकोशी क्षेत्रमा आएको एउटा पर्वतीय प्रकोपले राष्ट्रिय अर्थतन्त्र र जनजीवनमा व्यापक असर पार्न सक्ने देखाएको उहाँको भनाइ थियो। उक्त विपद्पछिको पुनरुत्थानका लागि मात्रै करिब चार अर्ब ७८ करोड अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरिएको र यो नेपालको कूल गार्हस्थ्य उत्पादनको करिब १० प्रतिशत बराबर रहेको उहाँले जानकारी दिनुभयो। विपद्बाट घरबारविहीन भएका, जीविकोपार्जन गुमाएका तथा आफन्त गुमाएका परिवारको क्षति आर्थिक सहायताले मात्र पूर्ति गर्न नसकिने उल्लेख गर्दै उहाँले जलवायु न्याय सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्री चौधरीले कोप-३१ मा नेपालको प्राथमिकता प्रस्तुत गर्दै एक दशमलव पाँच डिग्री सेल्सियसको तापक्रम सीमाको लक्ष्य कायम राख्न, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचनाभित्र पर्वतीय मुद्दालाई संस्थागत मान्यता दिन र जलवायु वित्तको प्रवाह बढाउनुपर्ने बताउनुभयो। नेपालको सगरमाथा संवादलाई आधार बनाउँदै पर्वतीय मुद्दामा नियमित उच्चस्तरीय संवाद र समर्पित पर्वतीय कार्य कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको प्रस्ताव थियो। अनुकूलनको विश्वव्यापी लक्ष्य, जलवायु वित्त तथा हानि र नोक्सानीसम्बन्धी व्यवस्थामा पर्वतीय देशका प्राथमिकता समेटिनुपर्ने उहाँले बताउनुभयो। नेपालको राष्ट्रिय निर्धारित योगदान (एनडीसी ३.०), राष्ट्रिय अनुकूलन योजना र शून्य उत्सर्जन रणनीतिले जलवायु महत्वाकांक्षा प्रस्तुत गरेको उल्लेख गर्दै उहाँले सन् २०२५ देखि २०३५ सम्मका लागि नेपालको अनुकूलन वित्त आवश्यकता मात्रै १८ देखि २० अर्ब अमेरिकी डलर अनुमान गरिएको जानकारी दिनुभयो। विकसित राष्ट्रलाई नयाँ, अतिरिक्त, अनुमानयोग्य र अनुदानमा आधारित वित्तीय सहयोग बढाउन आग्रह गर्दै उहाँले सन् २०३५ सम्म अनुकूलन वित्त कम्तीमा तीन गुणा वृद्धि गर्ने प्रस्तावलाई समर्थन गर्नुभयो। हानी तथा नोक्सानी कोषलाई पर्याप्त स्रोतसहित सहज पहुँचयोग्य र ऋणको भार नथप्ने गरी सञ्चालन गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो।

कार्यक्रममा एनटीएनसीका सदस्य सचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले नेपालले जलवायु नीति निर्माण र अन्तरराष्ट्रिय जलवायु वित्त परिचालनमा प्रगति गरे पनि स्थानीय समुदायसम्म स्रोत पुऱ्याउन अझै चुनौती रहेको बताउनुभयो। उहाँले संस्थागत समन्वय र साझेदारी, अन्तर्राष्ट्रिय जलवायु वित्तमा सहज पहुँच तथा स्थानीय नेतृत्वमा आधारित वित्त परिचालनलाई प्रमुख प्राथमिकता बनाउनुपर्ने बताउनुभयो। हरित जलवायु कोष (जीसीएफ) को प्रत्यक्ष पहुँच प्राप्त निकाय र अनुकूलन कोषको राष्ट्रिय कार्यान्वयन निकायका रूपमा एनटीएनसीले पारदर्शिता, जवाफदेहिता र मापनयोग्य नतिजासहित वित्त परिचालन गरिरहेको उहाँले जानकारी दिनुभयो। हालै स्वीकृत जीसीएफको 'एसएपी ०७१' परियोजनाले कर्णाली प्रदेशका चार जिल्लाका ३१ स्थानीय तहलाई समेटेको उल्लेख गर्दै उहाँले यसबाट जलवायु वित्तलाई सामुदायिक उत्थानशीलता, स्थानीय नेतृत्व र पारिस्थितिकीय पुनःस्थापनासँग जोड्न सकिने बताउनुभयो। उहाँका अनुसार अनुकूलन कोषको 'एग्रिगेटर' कार्यक्रमअन्तर्गत बहुपक्षीय संस्थामार्फत औपचारिक प्रत्यायन प्राप्त नगरेका समुदायमा आधारित संस्थालाई दुई लाख ५० हजार अमेरिकी डलरसम्मको साना अनुदान उपलब्ध गराउन सकिन्छ। साना संस्थाका लागि अन्तरराष्ट्रिय कोषको औपचारिक मान्यता प्राप्त गर्ने प्रक्रिया लामो, जटिल र खर्चिलो हुने भएकाले यस्तो व्यवस्था गरिएको उहाँले बताउनुभयो। अल्पविकसित राष्ट्रको प्रभावकारी उत्थानशीलतासम्बन्धी पहल (लाइफ-एआर) का सल्लाहकार जोसेफ इपिटुले जलवायु कार्यक्रमको निर्णय तथा कार्यान्वयनमा सबै समुदाय र सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने बताउनुभयो।उहाँलेयुगान्डाकोउदाहरण दिँदै समुदायस्तरमा जलवायु कार्यक्रम कार्यान्वयन गर्न १४ सदस्यीय 'पारिस क्लाइमेट चेन्ज कमिटी' गठन गरिएको जानकारी दिनुभयो।

यसैगरी, चीनको शान्शुई संरक्षण केन्द्रका प्रतिनिधि झाओ सियाङले नेपाल र चीनबीच हरित, न्यून कार्बन उत्सर्जनमा आधारित तथा जलवायु उत्थानशील विकासका क्षेत्रमा सहकार्य विस्तार गर्न सकिने बताउनुभयो। उहाँले हिउँचितुवाको बासस्थान क्षेत्रको संरक्षणसँगै स्थानीय व्यवसायको प्रवर्द्धन गर्न हरित वित्त परिचालन गर्ने पहल भइरहेको जानकारी दिनुभयो। दिगो पर्यापर्यटन, च्याङ्राको ऊन तथा मासु उत्पादनलगायतका व्यवसायलाई सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराउने र निर्धारित वातावरणीय मापदण्ड पूरा गर्ने व्यवसायलाई ब्याज तथा वित्तीय अनुदान प्रदान गर्ने अवधारणा अघि सारिएको उहाँले बताउनुभयो। एनटीएनसीका जलवायु परिवर्तन विभागका प्रमुख डा मनीषराज पाण्डेले सहजीकरण गर्नुभएको कार्यक्रममा पर्वतीय पारिस्थितिकीय प्रणालीको संरक्षण, प्रकृतिमा आधारित समाधान, स्थानीय नेतृत्वमा आधारित अनुकूलन, जलवायु वित्त परिचालन तथा दक्षिण-दक्षिण सहकार्यका सम्भावनाबारे छलफल भएको थियो।

पोखरामा विदेशी पर्यटकले मनाए भाइटीका

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

नेपालीको दोस्रो ठूलो चाड तिहारको सांस्कृतिक रौनकमा सहभागी हुँदै पोखरा आएका विदेशी पर्यटकले भाइटीका मनाएका छन्।

होटल सङ्ग पोखरा नेपालको आयोजनामा पोखरा-६, लेकसाइडस्थित होटल पौवामा बुधबार आयोजित १९औँ भाइटिका महोत्सवमा १५ देशका ५१ जना विदेशी पर्यटक सहभागी भएका थिए। महोत्सवमा रेन्वो चिल्ड्रेन होम नेपालका छात्राहरूले विदेशी पर्यटकलाई टीका र माला लगाइदिएर भाइटिका मनाएका हुन्। नेपाली परम्पराअनुसार भाइटीका लगाउन पाउँदा पर्यटक उत्साहित देखिन्थे। उनीहरूले देउसीभैलो, नाचगान र सांस्कृतिक प्रस्तुतिमा सहभागी हुँदै नेपाली परिकार सेलरोटीको स्वादसमेत लिए।

टीका लगाएपछि महिला पर्यटकलाई पछ्यौरा र पुरुष पर्यटकलाई ढाकाटोपी उपहार प्रदान गरिएको थियो। अमेरिका, बेलायत, चीन, जापान र अस्ट्रेलियालगायत १५ देशका पर्यटक सहभागी महोत्सवले विदेशीलाई नेपाली चाडपर्व र



संस्कृतिको प्रत्यक्ष अनुभव गराउने अवसर जुटाएको आयोजकले जनाएको छ। महोत्सवमा सहभागी लिथुआनियाकी पर्यटक मोनिकाले नेपाली जनताको आत्मीय व्यवहार र तिहार मनाउने शैली आफूलाई निकै मन परेको बताउनुभयो। नेपालीसँगै बसेर भाइटीका मनाउन पाउँदा नयाँ र रमाइलो अनुभव भएको उहाँको भनाइ थियो। मर्दी हिमाल पदयात्राका क्रममा प्रतिकूल मौसमका कारण हिमाल राम्रोसँग देख्न नपाए पनि पदयात्रा र नेपाली संस्कृतिको अनुभवले नेपाल बसाइ स्मरणीय बनेको उहाँले बताउनुभयो। "नेपालमा तिहार मनाउने तरिका देखेर मलाई निकै उत्साह लाग्यो। हामीले यहाँ धेरै रमाइलो गर्‍यौं। स्वदेश फर्किएपछि नेपाली भाइटिका र यहाँको संस्कृतिबारे साथीहरूलाई पनि सुनाउनेछु", उहाँले भन्नुभयो। होटल सङ्ग पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले भाइटीका महोत्सवलाई निरन्तरता दिँदै आएपछि पोखराका विभिन्न होटलमा समेत विदेशी पर्यटकलाई टीका लगाउने कार्यक्रम हुन थालेको बताउनुभयो। नेपाली संस्कृतिमार्फत पर्यटन प्रवर्द्धन गर्नुका साथै आपसी भाइचारा र सांस्कृतिक सम्बन्ध अभिवृद्धि गर्नु महोत्सवको मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो।

"तिहारको सांस्कृतिक महत्त्वलाई अन्तरराष्ट्रियस्तरमा परिचित गराउने र संस्कृतिका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विगत १९ वर्षदेखि भाइटीका महोत्सव आयोजना गर्दै आएका छौं। यसबाट नेपालको संस्कृति र परम्परालाई विश्वमाझ चिनाउन सहयोगपुगेकोछ",अध्यक्षसुवेदीले भन्नुभयो। भाइटीका महोत्सवलाई नेपाल पर्यटन बोर्ड गण्डकी र पोखरा महानगरपालिकाले प्रवर्द्धन गर्दै आएको छ।

भीमफेदी इभी दुर्घटना एकै परिवारका ६ सहित १४ जनाको मृत्यु

रासस
काठमाडौं, २६ कार्तिक

मकवानपुरको भीमफेदी गाउँपालिका-६ चिसापानीगढीमा बिहीबार बिहान विद्युतीय माइक्रोबस दुर्घटना हुँदा एकै परिवारका छ जनासहित १४ जनाको मृत्यु भएको छ। दुर्घटनामा परी छ जना घाइते भएका छन्।

काठमाडौँबाट छठ पर्व मनाउन सर्लाहीतर्फ जाँदै गरेको मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको माइक्रोबस सडकबाट करिब ५०० मिटर तल खसेको हो। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार दुर्घटनामा सर्लाहीको चक्रघट्टा गाउँपालिका-४ सुन्दर पुरटोलका अवधेश यादवको श्रीमती ३५ वर्षीया पुनम देवी यादव, छोरीहरू १० वर्षीया अनुकुमारी यादव, सात वर्षीया

बाँकी अन्तिम पृष्ठमा ▶▶

पोखरामा विद्युतीय तार भूमिगत गर्ने काम ८२ प्रतिशत सम्पन्न


पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाअन्तर्गत पोखरामा ८२ प्रतिशत र भरतपुरमा ९५ प्रतिशत भौतिक प्रगति भएको छ।

विद्युतीय तार भूमिगत गर्ने उद्देश्यले प्राधिकरणले चार वर्षअघि सुरु गरेको आयोजनाअन्तर्गत पोखरामा आगामी वैशाखभित्र र भरतपुरमा आगामी मङ्सिरभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना प्रमुख इन्जिनियर आनन्द सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार भरतपुरको काम अन्तिम चरणमा पुगेको छ। पोखरामा कुल २२३ किलोमिटर क्षेत्रमा विद्युतीय तार भूमिगत गर्ने योजना रहेकामा हालसम्म १६५.७ किलोमिटर क्षेत्रमा तार बिछ्याइएको छ। त्यसमध्ये ५५.२ किलोमिटर क्षेत्रमा भूमिगत प्रणालीबाट विद्युत् प्रवाहसमेत भइसकेको इन्जिनियर सुवेदीले बताउनुभयो। प्राधिकरणले पहिलो चरणमा पोखराका मुख्य सहरी क्षेत्र तथा पर्यटकीय आवागमन बढी हुने स्थानलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ। पोखरा महानगरपालिका-१४ चाउथेदेखि कुँडहर, अमरसिंहचोक, बुद्धचोक र सेतीपुलसम्म पृथ्वी राजमार्ग क्षेत्रमा रहेका चार सयभन्दा बढी घरधुरीमा भूमिगत प्रणालीबाट विद्युत् सेवा सञ्चालन भइसकेको छ। त्यस्तै, सेतीपुलदेखि पृथ्वीचोक, सभागृहचोक, सिर्जनाचोक, जिरो किलोमिटर हुँदै लेकसाइड जोड्ने मुख्य सडकमा पनि तार बिछ्याउने काम सम्पन्न भएको उहाँले जानकारी दिनुभयो।

लेकसाइडका भित्री सडकमा समेत तार बिछ्याइसकिएको र अब विद्युत् प्रवाह गर्न मात्र बाँकी रहेको छ। अहिले सभागृहचोकदेखिन्युरोडहुँदैचिप्लेढुङ्गा तथा सिर्जनाचोकदेखि नागढुङ्गा हुँदै लेकसाइडस्थिततालबाराहीमन्दिरतर्फ जोडिने सडकका केही खण्डमा तार बिछ्याउने काम भइरहेको छ। "सेतीपुल निर्माणाधीन अवस्थामा रहेकाले पृथ्वीचोकतर्फ बिछ्याइएको तारमा तत्काल विद्युत् प्रवाह गर्न सकिएको छैन", इन्जिनियर सुवेदीले भन्नुभयो, "पुल निर्माणको काम अन्तिम चरणमा पुगेकाले छिट्टै बाँकी क्षेत्रमा पनि भूमिगत प्रणालीबाट विद्युत् सेवा सञ्चालन हुनेछ।" आयोजनाअन्तर्गत पोखराका मुख्य राजमार्गसँगै सहायक सडकमा पनि तार भूमिगत गर्ने काम भइरहेको छ। विद्युत्का तारसँगै टेलिफोन, केबल टेलिभिजन र इन्टरनेट सेवाका लागि अप्टिकल फाइबरसमेत बिछ्याइएको छ। भूमिगत प्रणाली सञ्चालनमा आएका क्षेत्रमा पुराना विद्युतीय पोल र तार हटाइएको आयोजना कार्यालयले जनाएको छ। पोखरामा छ हजार घरधुरीलाई भूमिगत प्रणालीबाट विद्युत् सेवा उपलब्ध गराउने लक्ष्य छ।

त्यस्तै, भरतपुरमा कुल १५६.३३ किलोमिटर क्षेत्रमा विद्युतीय तार भूमिगत गर्ने योजना रहेकामा हालसम्म १५५.३७ किलोमिटर क्षेत्रमा तार बिछ्याइसकिएको छ। त्यसमध्ये १३७.८७ किलोमिटर क्षेत्रमा विद्युत् प्रवाह भइसकेको इन्जिनियर सुवेदीले जानकारी दिनुभयो। भरतपुरका एक हजार २०० घरधुरीमा भूमिगत प्रणालीबाट विद्युत् सेवा पुऱ्याउने लक्ष्य रहेको छ। अव्यवस्थित र जीर्ण विद्युत् पोल हटाएर तार भूमिगत गर्दा सहरी सौन्दर्य कायम हुनुका साथै दुर्घटनाको जोखिमसमेत कम हुने अपेक्षा गरिएको छ। सन् २०२२ जनवरीमा भारतीय कम्पनी टाटा प्रोजेक्ट्सले आयोजनाको निर्माण ठेक्का पाएको थियो। एसियाली विकास बैंकको करिब तीन अर्ब रुपैयाँ सहुलियतपूर्ण ऋण सहयोगमा प्राधिकरणले पोखरा र भरतपुरमा वितरण प्रणाली सुदृढीकरण आयोजना सञ्चालन गरेको हो।



पोखरामा २२ औँ श्रृङ्खलाको ५ किलोमिटर दौड सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

पोखरामा विद्यार्थी छात्र-छात्रा तथा खुला महिला-पुरुषतर्फको ५ किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको छ।

पोखरा अन्तर्राष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा शनिबार प्रतियोगिता सम्पन्न भएको हो।मञ्चले नियमित रूपमा सञ्चालन गर्दै आएको साप्ताहिक तथा मासिक दौड कार्यक्रम अन्तर्गत २२औँ श्रृङ्खलाको प्रतियोगिता पोखरा रङ्गशालामा आयोजना गरिएको रेस डाइरेक्टर तेजबहादुर गुरुङले जानकारी दिए।

पोखरा रङ्गशालाको फुटबल मैदानबाट सुरु भएको दौड पोखराका विभिन्न स्थानको परिक्रमा गरी पुनः रङ्गशालामै पुगेर सम्पन्न भएको थियो। प्रतियोगिताको खुला पुरुषतर्फ पोखरा-६ का महेन्द्र मगर प्रथम, पोखरा-११ का सुजन थापा द्वितीय र पोखरा-१५ का राजु शर्मा तृतीय भए । त्यस्तै, खुला महिलातर्फ



पोखरा-७ की नितु तामाङ प्रथम, दुलेगौँडाकी सपना परियार द्वितीय र पोखरा-१ बगरकी सेयता मास्के तृतीय हुन सफल भए । १६ वर्षमुनिको छात्रतर्फ त्रिभुवन शान्ति माध्यमिक विद्यालयका सक्षम भुजेल प्रथम, अमरसिंह माध्यमिक विद्यालयका अनमोल सुनदास द्वितीय र डाइनमिक एकेडेमीका विजेन राना तृतीय भए। शिशु निकेतनका आविष्कार क्षेत्रीले चौथो स्थान हासिल गरे।यसैगरी, १६ वर्षमुनिको छात्रातर्फ आब्या क्लबकी समृद्धि मर्शानी प्रथम, ढुङ्गेसाँघु स्कुलकी स्वयक्षा विक द्वितीय र आब्या क्लबकी दिव्या गिरी तृतीय भए । आब्या क्लबकै प्रकृति श्रेष्ठले चौथो स्थान हासिल गरिन् । विजेता धावकहरूलाई कार्यक्रमका प्रमुख अतिथि तथा मञ्चका अक्षयकोषदाता डायमण्ड बुद्धिस्ट समाज यूकेका निवर्तमान अध्यक्ष योगेश गुरुङ, पोखरा म्याराथन अमेरिकाका संयोजक तथा अक्षयकोषदाता सोम गुरुङ, पोखरेली मञ्च यूकेका सल्लाहकार वाचस्पति रेग्मी, १३औँ एसियन गेम्सकी कास्य पदक विजेता तेक्वान्दो खेलाडी सपना मल्ल, पूर्व एथलेटिक्स खेलाडी लक्ष्मण कार्की, मञ्चका अध्यक्ष दिलबहादुर गुरुङ र निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुलीलगायतले मेडल, प्रमाणपत्र तथा गिफ्ट ह्याम्पर प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि योगेश गुरुङले खेलकुदको विकासका लागि नियमित प्रतियोगिता आवश्यक रहेको बताए । नेपाल भूतपूर्व खेलाडी मञ्चले सञ्चालन गर्दै आएको दौड कार्यक्रमले नयाँ खेलाडीको प्रतिभा पहिचान, प्रोत्साहन र उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास उनले व्यक्त गरे । मञ्चका अध्यक्ष दिलबहादुर गुरुङले प्रतियोगिता सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सङ्घसंस्था, सहयोगी तथा सहभागी धावकहरूलाई धन्यवाद व्यक्त गरे । प्रतियोगितामा प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स सहयोगी संस्थाका रूपमा रहेको थियो।मञ्चका अध्यक्ष दिलबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव महेश पौडेलले गरेका थिए । यसअघि भदौ ६ गते पोखरा-११ मा २०औँ शृत्त लाअन्तर्गत दौड प्रतियोगिता आयोजना गरिएको थियो भने असोज ३ गते पोखरा रङ्गशालामा २१औँ शृङ्खलाको दौड सम्पन्न भएको थियो। मञ्चले आगामी मङ्सिर महिनाको पहिलो शनिबार अर्को दौड प्रतियोगिता आयोजना गर्ने मञ्चले जनाएको छ।

मौलिक देउसी-भैलो उत्सवमा पुन समाज पोखरा च्याम्पियन बन्यो

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

पोखरामा आयोजित मौलिक देउसी-भैलो प्रतियोगितामा पुन समाज पोखरा च्याम्पियन बनेको छ। तिहारको अवसरमा पोखरा-६,लेकसाइडस्थितगौरीघाटमासोमबार आयोजित 'मौलिक देउसी-भैलो उत्सव तथा प्रतियोगिता-२०८३' मा सहभागी ११ समूहलाई पछि पार्दै पुन समाज च्याम्पियन बनेको हो।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेको पुन समाज पोखराले नगद २५ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ। नेपाली मौलिक लोकसंस्कृति तथा परम्परागत देउसी-भैलोको संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो। पोखरा पर्यटन परिषद्, पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा तथा पर्यटन प्रवर्द्धन शाखा र पब्लिक फोके टेलिभिजनको संयुक्त आयोजनामा भएको उत्सवको उद्घाटन पोखरा महानगरपालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङले दीप प्रज्वलन तथा गाई पूजा गरेर गरेकी थिइन्। गाईपूजाकै दिन कार्यक्रम आयोजना भएकाले उत्सवस्थलमा सामूहिक गाईपूजासमेत गरिएको थियो।

कार्यक्रममा बोल्दै उपप्रमुख गुरुङले नेपाली मौलिक कला, संस्कृति र परम्परा पछिल्लो समय ओझेलमा पर्दै गएको भन्दै यसको संरक्षणका लागि सामूहिक प्रयास आवश्यक रहेको बताइन्। नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्न यस्ता उत्सव प्रभावकारी हुने उनको भनाइ थियो । पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले मौलिक



देउसी-भैलोको संरक्षणसँगै पोखराको सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले उत्सव आयोजना गरिएको बताए । नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले नेपाली चाडपर्व र सांस्कृतिक परम्परालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सके पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्ने बताए । प्रतियोगितामा सहभागी ११ वटै समूहले परम्परागत भेषभूषामा सजिएर नेपाली मौलिक भाका, शब्द, लय र तालमा देउसी-भैलो प्रस्तुत गरेका थिए। समूहहरूको मूल्यांकन मौलिकता, परम्परागत भाका, शब्द, लय, ताल, भेषभूषा र सांस्कृतिक प्रस्तुतिका आधारमा गरिएको थियो । प्रतियोगितामा सहभागी सबै समूहलाई नेपाली परम्पराअनुसार दानदक्षिणासहित बिदाइ गरिएको थियो। उनीहरूलाई चामल, फलफूल, सेलरोटी, नगद ५ हजार ५ सय ५५ रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । पोखरा पर्यटन परिषद्का महासचिव मिलन तिवारीले उत्सवमा स्थानीय समूहसँगै स्वदेशी तथा विदेशी पर्यटकको समेत उल्लेख्य सहभागिता रहेको बताए। नेपाली मौलिक देउसी-भैलो विदेशी पर्यटकका लागि नयाँ र रोचक अनुभव बनेको उनको भनाइ थियो।पोखरामहानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले मौलिक संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनलाई एकसाथ जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए। पोखरालाई प्राकृतिक सुन्दरतासँगै सांस्कृतिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न यस्ता कार्यक्रमले सहयोग पुऱ्याउने उनको भनाइ थियो । प्रतियोगिताको मुख्य निर्णायक पोखरा प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति पद्मराज ढकाल रहेका थिए। देउसी-भैलो प्रस्तुतिसँगै स्थानीय कलाकारका सांगीतिक कार्यक्रम तथा तिहारसँग सम्बन्धित सांस्कृतिक गतिविधिले गौरीघाट क्षेत्र उत्सवमय बनेको थियो ।

पब्लिक फोके टेलिभिजनका प्रबन्ध निर्देशक मन क्षेत्रीले पहिलोपटक आयोजना गरिएको उत्सव सबैको साथ र सहयोगले सफल भएको भन्दै सहभागी, सहयोगी तथा उपस्थित सबैप्रति आभार व्यक्त गरे। कार्यक्रममा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठान प्रर्वद्धक रहेका थिए भने कार्यक्रममा पर्यटनका विभिन्न संघसस्था सहित सामाजिक विकास युवा तथा खेलकूद मन्त्रालय, गण्डकी, सामाजिक विकास महाशाखा, पोखरा महानगरपालिका, माछापुच्छ्रे, अन्नपूर्ण, मादी र रुपा गाउँपालिकालगायतको सहकार्य रहेको थियो ।

पोखरामा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

आन्तरिक राजस्व कार्यालय पोखरामा लक्ष्यभन्दा १३ प्रतिशत बढी रकम सङ्कलन भएको छ।

चालु आर्थिक वर्षको असोज मसान्तसम्म कार्यालयले रु एक अर्ब ५१ करोड २७ लाख ७६ हजार राजस्व जम्मा गर्ने लक्ष्य थियो । उक्त अवधिमा लक्ष्यभन्दा बढी रु एक अर्ब ७१ करोड ५७ लाख ९८ हजार राजस्व जम्मा गर्न सफल भएको आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुङ्गानाले जानकारी दिनुभयो । सो रकम असोज मसान्तसम्मको लक्ष्यभन्दा रु २० करोड ३० लाख २२ हजार बढी अर्थात् ११३ प्रतिशत प्रगति हो । पोखरामा आयकरमा लक्ष्यभन्दा निकै राम्रो प्रगति हासिल भएको प्रमुख कर अधिकृत ढुङ्गानाले बताउनुभयो। यस अवधिमा आयकरतर्फ रु ७९ करोड ४४ लाख ८३ हजार सङ्कलनको लक्ष्य राखिएकोमा रु एक अर्ब आठ करोड ८३ लाख २२ हजार जम्मा भएको उहाँले जानकारी दिनुभयो।

घर वहालकर र ब्याज करमा भने असुली लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको प्रमुख कर अधिकृत ढुङ्गानाले बताउनुभयो। रु एक करोड ८१ लाख ९१ हजार लक्ष्य रहेको घर वहालकरमा रु एक करोड ३१ लाख ३८ हजार (७२ प्रतिशत) जम्मा भएको छ। त्यस्तै ब्याजकरतर्फ रु नौ करोड ८८ लाख ८२ हजार उठाउने लक्ष्य राखिए पनि रु चार करोड ८७ लाख १५ हजार (४९ प्रतिशत) मात्र संकलन भएको उहाँले जानकारी दिनुभयो । मूल्य अभिवृद्धि कर (मूअकर)मा भने कार्यालयले असोजसम्मको लक्ष्य भेट्टाउन नसकेको प्रमुख कर अधिकृत ढुङ्गानाले जानकारी दिनुभयो । रु ५३ करोड ३२ लाख ९९ हजार मूअकर उठाउने लक्ष्य लिइएकोमा १५ प्रतिशत कम राजस्व संकलन भयो । अन्तःशुल्क र अन्य कर संकलनमा उल्लेखनीय प्रगति भएको प्रमुख कर अधिकृत ढुङ्गानाले जानकारी दिनुभयो। रु छ करोड १७ लाख ४५ हजार लक्ष्य रहेको अन्तःशुल्कतर्फ ४३ प्रतिशत बढी अर्थात् रु आठ करोड ८३ लाख २२ हजार संकलन भएको उहाँले बताउनुभयो । अन्य करमा रु ६१ लाख ७६ हजार लक्ष्य तोकिएकामा रु दुई करोड ३७ लाख ६ हजार जम्मा भएको छ। नेपाल सरकारले उपलब्ध गराएका छुट सुविधा, करदाता प्रोत्साहन लगायत कार्यक्रमका कारण लक्ष्यभन्दा बढी राजस्व संकलन भएको प्रमुख कर अधिकृत ढुङ्गानाले बताउनुभयो।

पोखराविरुद्ध विराटनगरको रोमाञ्चक जित

रासस
काठमाडौं, २६ कार्तिक

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत पोखरा एभेन्जर्सविरुद्ध विराटनगर किङ्सले चार विकेटको जित निकालेको छ । बिहीबार सम्पन्न खेलमा पोखराले दिएको १३३ रनको सामान्य लक्ष्य विराटनगरले १९ दशमलव दुई ओभरमा छ विकेटको क्षतिमा भेट्टायो। खेलमा बसिर अहमदले ३७, लोकेश बमले ३३ र इमरान शेखले १० रनको योगदान दिए । अविजित रहेका इसुरु उडानाले २५ र शेहान जयसूर्याले १७ रन बनाए।

पोखराका लागि बलिङतर्फ कुशल भुर्तेल र रमेश मेन्डिसले दुई-दुई तथा विपिन खत्री र धनन्जय लक्षणले एक-एक विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको पोखरा १७ दशमलव पाँच ओभरमा १३२ रनमा अलआउट भयो। ओपनिङ ब्याटर युवराज सम्राले उत्कृष्ट पारी खेले। उनले ४७ बलमा सात चौका र पाँच छक्कासहित ८४ रनको पारी खेलेका हुन्।

यस्तै, धनन्जय लक्षणले २२ र सनि बिकेले १२ रन जोडे । बाँकी ब्याटरले भने दोहोरो अङ्कमा रन बनाउन सकेनन् । विराटनगर किङ्सका लागि बलिङतर्फ कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरे । उनले चार ओभरमा २७ रन दिएर सर्वाधिक छ विकेट लिए। त्यसमा सन्दीपको ह्याट्रिक समावेश छ । यस्तै, एन्जेलो म्याथ्युज, चरिथ असलङ्का र रुपेश सिंहले एक-एक विकेट लिए। यो जितपछि विराटनगरको प्लेअफ सम्भावना जीवितै रहेको छ। उसले छ खेल खेल्दा तीनमा जित र तीन खेलमा हारको सामना गरेको छ । बिहीबारको हारपछि पोखरा प्लेअफ दौडबाट बाहिरिएको छ। उसले छ खेलमध्ये पाँचमा पराजय र एक खेलमा मात्र जित निकालेको छ।

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ" ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भीमफेदी ...

दीक्षा यादव र पाँच वर्षीया दीपिका यादव तथा उनका दुई भाइको मृत्यु भएको छ।

दुर्घटनामा सवारी चालक सर्लाहीको कविलासी गाउँपालिका-८ का ३० वर्षीय रविशङ्कर कुमार मण्डल, चक्रघट्टा-४ का २६ वर्षीय विकेश यादव, ३५ वर्षीय गुड्डु यादव, उनकी श्रीमती गायत्रीदेवी यादव, रामदुलार यादव, सुबोध यादव, रोहन यादव, राकेश यादव, छोटु यादव र सुदेश यादवको पनि मृत्यु भएको काफ्लेले जानकारी दिनुभयो। घाइते हुनेमा ३३ वर्षीय मुकेश यादव, पाँच वर्षीय सक्षम कुमार यादव, तीन वर्षीय सुजन यादव, ३१ वर्षीय बेचु भन्ने देवेन्द्र राय, २६ वर्षीय देवेन्द्र राय र १४ महिनाका सुदीप यादव रहेका छन् । घाइतेमध्ये मुकेश, सक्षम र २६ वर्षीय देवेन्द्र उपचारपछि डिस्चार्ज भएका छन् । सुजन र सुदीपलाई थप उपचारका लागि काठमाडौंस्थित मेडिसिटी अस्पताल तथा ३१ वर्षीय देवेन्द्रलाई भरतपुरस्थित मनकामना अस्पताल पठाइएको प्रहरीले जनाएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

सम्पादकीय

सवारी दुर्घटनाको छानबिन झ्याराटारा नहोस

चाडपर्व मनाउन घर जान लागेका सर्लाहीका १४ जनाको भिमफेदीमा सवारी दुर्घटनामा परी १४ जनाको अकालमा मृत्युको खबरले नेपाली जनतालाई चिन्तित बनाएको छ । राजधानी प्रवेश गर्ने पृथ्वी राजमार्गको मुग्लिन नागढुङ्गा खण्डमा गएको सुख्खा पहिरोले तिहार मनाउन जानेहरुले भोगेको कष्टकर यात्रा सेलाउन पाएको छैन । सवारी दुर्घटनामा ज्यान गुमाउने र घाइतेका समाचारले सडक सूरक्षामा राज्यको उदासीनता उजागर भएको छ । मकवानपुरसहित विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १९ जनाको मृत्यु भएको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-६ चिसापानी गढीस्थित सडकमा हायस दुर्घटना हुँदा १४ जनाको घटनास्थलमै मृत्यु भएको छ काठमाडौंबाट सर्लाहीतर्फ जाँदै गरेको मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको ईभी हायस बिहीबार बिहान सडकबाट करिब ५०० मिटर तल खसेको थियो । दुर्घटनामा हायस चालक सर्लाहीका रविशंकर कुमार मण्डलसहित १४ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका तीन जनालाई थप उपचारका लागि काठमाडौं र भरतपुरका अस्पतालमा पठाइएको छ ।

चाडपर्वको अघि पछि सवारी दुर्घटनाका समाचारले यात्रा कति असुरक्षित छ भन्ने देखाउँछ । धादिङको नीलकण्ठ नगरपालिका-१ दुसेनीमा मोटरसाइकल दुर्घटना हुँदा १८ वर्षीय दिपराज गुरुङको मृत्यु भएको छ । बुधबार साँझ भएको दुर्घटनामा घाइते भएका उनको बैरेनी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । झापाको मेचीनगर नगरपालिका-१५ चौधरी चोकमा सिटीको ठक्करबाट ७० वर्षीया लटन राजवंशीको मृत्यु भएको छ । बुधबार बेलुकी भएको दुर्घटनामा गम्भीर घाइते भएकी उनको उपचारका क्रममा मृत्यु भएको हो । सिटी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी, कास्कीको पोखरा महानगरपालिका-२३ दुण्डेफाँटमा जिप दुर्घटना हुँदा २३ वर्षीय मिलन गुरुङको मृत्यु भएको छ । बुधबार राति भएको दुर्घटनामा घाइते भएका उनको बिहीबार बिहान उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य १२ जनाको उपचार भइरहेको छ । प्रहरीले जिप चालकलाई नियन्त्रणमा लिएको छ । सर्लाहीको बागमती नगरपालिका-१२ मा मोटरसाइकल दुर्घटना हुँदा २५ वर्षीय रूपक विश्वकर्माको मृत्यु भएको छ । बुधबार दिउँसो भएको दुर्घटनामा गम्भीर घाइते भएका उनको नमुना अस्पताल हरिवनमा उपचारका क्रममा मृत्यु भएको हो । त्यस्तै, सिराहाको औरही गाउँपालिका-५ गागनपुलमा मोटरसाइकल दुर्घटना हुँदा १५ वर्षीय सिकिन्द्र यादवको मृत्यु भएको छ । बुधबार बेलुकी भएको दुर्घटनामा घाइते भएका उनको प्रादेशिक अस्पताल सिराहामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

भिमफेदीमा भएको यात्रुबाहक विद्युतीय गाडी (इभी) दुर्घटनाको छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरिएको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार सहायक प्रमुख जिल्ला अधिकारी शेषकान्त पौडेलको संयोजकत्वमा गठित समितिले दुर्घटनाको कारण पहिचान गरी एक साताभित्र प्रतिवेदन पेस गर्नेछ । समितिमा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक रमेश विष्ट, प्रहरी निरीक्षक उमाशङ्कर प्रसाद, प्रदेशको पूर्वाधार विकास कार्यालयका एक इन्जिनियर र बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन अधिकृत सदस्य छन् ।

समितिले सवारी साधनको क्षमताभन्दा बढी यात्रु राखिएको वा नराखिएको, रूट इजाजत, चालकको अवस्था तथा सडकको भौतिक अवस्थाबारे छानबिन गर्नेछ । आगामी दिनमा दुर्घटना न्यूनीकरणका लागि सम्बन्धित निकायले अपनाउनुपर्ने उपाय प्रतिवेदनमा समेटिनेछ । भीमफेदी-देउराली सडकखण्डमा पछिल्लो १३ महिनामा तीनवटा ठूला दुर्घटना भएको विवरण छ । देशभरि नै सवारी दुर्घटनामा ठूलो संख्यामा मृत्यु र घाइतेका विवरण सार्वजनिक गर्नु मात्र सरकारको काम होइन ।पटकपटक भइरहने दुर्घटना न्युनीकरणमा सरकारको पारा झ्याराटारा मात्र भएको छ।अब पनि नचेत्ने हो भने निर्दोष नागरिकले अनाहकमा ज्यान गुमाउने, अंगभंग हुने र परिवारले जन र धन गुमाउने अवस्था रहन्छ। सरकारले नियमन गर्ने निकायलाई प्रभावकारी बनाएर जनताको ज्यान जोगाउन लाग्नु पहिलो कर्तव्य हो ।

तपाईको आज

मेष	: आर्थिक समस्या	तुला	: शारीरिक झमेला
वृष	: कार्यमा सफलता	वृश्चिक	: सत्कार मिल्नेछ
मिथुन	: झमेला बढ्ने	धनु	: मानसिक तनाव
ककर्ट	: शत्रुको भय	मकर	: सहयोग मिल्नेछ
सिंह	: ब्यापारमा लाभ	कुम्भ	: स्वास्थ्यमा सुधार
कन्या	: अप्रत्यसित लाभ	मीन	: शुभ यात्रा

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

दुई वर्षमा सक्नुपर्ने सडक चार वर्षमा पनि बनेन

पोखरापत्र संवाददाता
बागलुङ, २६ कार्तिक

दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएको बागलुङको हरिचौर-मल्म-पाण्डवखानी सडक चार वर्ष बितिसक्दा पनि पूरा हुन सकेको छैन। आठ किलोमिटर लामो सडकको भौतिक प्रगति हालसम्म ८० प्रतिशत मात्र पुगेको छ ।

एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक कार्यक्रमअन्तर्गत निर्माण भइरहेको उक्त सडक चार वर्षपछि बल्ल कालोपत्रको तयारीमा पुगेको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ । निर्माण व्यवसायीले अहिले कालोपत्र गर्नुअघि बेस बिच्छ्याउने काम गरिरहेको कार्यालयका प्रमुख हरि सुवेदीले जानकारी दिनुभयो ।

विसं २०७९ भदौमा रु २५ करोड २० लाखमा निर्माण सम्झौता भएको सडक २०८१ साल भदौभित्र सम्पन्न गरी हस्तान्तरण गर्नुपर्ने थियो । तर, निर्धारित समयमा काम सम्पन्न नभएपछि दुई पटक म्याद थप गरिएको छ । दोस्रो पटक थपिएको म्याद आगामी मङ्सिरमा सकिँदैछ । निर्धारित समयभित्रै काम सम्पन्न हुनेमा अझै आशङ्का रहेको स्थानीयको भनाइ छ। समयमै सडक निर्माण नहुँदा स्थानीयवासी लामो समयसम्म धुलाम्मे सडकमा आवतजावत गर्न बाध्य भएका थिए । निरन्तरको खबरदारी र स्थानीयको जनगुनासोपछि पछिल्लो समय निर्माणले गति लिएको गलकोट नगरपालिका-७ मल्मका वडाध्यक्ष राजबहादुर थापाले बताउनुभयो ।

सडक डिभिजन कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर सागर भण्डारीका अनुसार समयमै काम सम्पन्न नभएपछि दोस्रो पटक म्याद थप गरी निर्माण व्यवसायीलाई निरन्तर ताकेता गरिएको थियो । त्यसपछि निर्माण व्यवसायी काममा फर्किएर अहिले बेस बिच्छ्याउने र सडक सम्याउने काम गरिरहेको उहाँले जानकारी दिनुभयो । सडक निर्माणको ठेक्का वर्ल्डवाइड/लोपूर्ण जेभीले पाएको थियो । निर्माणमा ढिलाइ भएपछि स्थानीयवासीले गत कात्तिकमा निर्माण व्यवसायीविरुद्ध आन्दोलनसमेत गरेका थिए ।

बन्दीपुर घुम्न आएका १४ चिनियाँ पर्यटकले लगाए भाइटीका

पोखरापत्र संवाददाता
दमौली, २६ कार्तिक

पर्यटकीय नगरी बन्दीपुर भ्रमणमा आएका १४ चिनियाँ पर्यटकले नेपाली भाइटीका लगाएर यस वर्षको तिहार मनाएका छन् ।

बन्दीपुर गाउँपालिका-१ निवासी सिर्जना बरुवाल र विपना छिमालले उनीहरूलाई सप्तरङ्गी टीका र फूलको माला लगाइदिनुभएको हो । नेपाली चाडपर्व, संस्कार र संस्कृतिबारे जानकारी लिन इच्छुक चिनियाँ पर्यटकले भ्रमणकै क्रममा भाइटीका लगाउने अवसर पाउँदा खुसी व्यक्त गरेका छन् ।

मङ्गलबार बन्दीपुर आइपुगेका पर्यटकले नेपालीले मनाउने भाइटीकाबारे स्थानीयसँग जिज्ञासा राखेका थिए । त्यसपछि स्थानीय बसन्त पौडेलले उनीहरूलाई भाइटीकाको धार्मिक, सांस्कृतिक र सामाजिक महत्त्वबारे जानकारी गराउनुभएको थियो । भाइटीकाका दिन दिदीबहिनीले दाजुभाइको निधारमा सप्तरङ्गी टीका लगाइदिने, फूलको माला पहिराइदिने तथा दीर्घायु र सुखसमृद्धिको कामना गर्ने परम्परा रहेको उहाँले जानकारी गराउनुभएको थियो । भाइटीकाको महत्त्व र विधिबारे जानकारी पाएपछि चिनियाँ पर्यटकले पनि टीका लगाउने इच्छा व्यक्त गरेका थिए । त्यसपछि स्थानीय सिर्जना बरुवाल र विपना छिमालले उनीहरूलाई भाइटीका लगाइदिनुभएको थियो । नेपाली परम्पराअनुसार टीका र फूलको माला लगाएपछि पर्यटकहरू रमाएका थिए । स्थानीय पौडेलका अनुसार पर्यटकले भाइटीकाबारे चासो राखेपछि उनीहरूलाई नेपाली संस्कृतिसँग प्रत्यक्ष परिचित गराउने उद्देश्यले टीका लगाउने व्यवस्था गरिएको हो । उहाँले भन्नुभयो, "उहाँहरू बन्दीपुर घुम्न आउनुभएको थियो । नेपालीको भाइटीका पर्वबारे जिज्ञासा राख्नुभयो । त्यसपछि मैले भाइटीकाको महत्त्व र सांस्कृतिक पक्षबारे जानकारी गराएँ । जानकारी पाएपछि उहाँहरूले पनि टीका लगाउने इच्छा देखाउनुभयो । स्थानीय दिदीबहिनीले टीका लगाइदिएपछि उहाँहरू निकै खुसी हुनुभयो ।" उहाँका अनुसार कुनै पनि देशको भ्रमण गर्दा पर्यटकीयस्थल र प्राकृतिक सुन्दरता अवलोकन गर्नुका साथै त्यहाँको संस्कृति, रहनसहन र परम्पराबारे बुझ्ने अवसर पनि प्राप्त हुन्छ । बन्दीपुर आएका पर्यटकलाई नेपाली चाडपर्वको अनुभव गराउन पाउँदा स्थानीयवासी पनि उत्साहित भएको उहाँले बताउनुभयो । भाइटीका लगाएर नेपाली संस्कृतिमा सहभागी हुन पाउँदा चिनियाँ पर्यटकले खुसी व्यक्त गरेका थिए । फरक देशको संस्कृति र परम्परालाई नजिकबाट अनुभव गर्न पाएको उनीहरूको प्रतिक्रिया थियो ।

एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.२२ निवासी भारतीय भु.पु. सै.नं.14900065A का नायक चुपेन्द्र बहादुर मगरको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर धन माया क्षेत्री र जन्ममिति वि.सं.२०२०।०५।०९ (ई.सं.१९६३।०८।२५) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर धन माया (DHAN MAYA) र जन्ममिति वि.सं. २०२१।१०।२८ (ई.सं. १९६५।०२।१०) उल्लेख भई फरक परेता पनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. ७९२ मिति २०८३।०६।०७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

खुला पर्वतीय दौडको क्षेत्र विस्तार गर्न सुझाव

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

खेल पर्यटन प्रवर्द्धनमा पुम्दीभुम्दी पर्वतीय दौड उद्घोषका साथ सञ्चालित तेस्रो खुला पर्वतीय दौड प्रतियोगिता २०८३ को समीक्षा तथा शुभकामना कार्यक्रम शनिवार सम्पन्न भएको छ ।

प्रतियोगिता संयोजक दीननाथ बरालको अध्यक्षतामा आयोजित कार्यक्रममा वक्ताहरूले प्रतियोगितालाई खेल पर्यटनको महत्वपूर्ण माध्यमका रूपमा विकास गर्नुपर्ने धारणा राखेका थिए। कार्यक्रममा सहभागी वक्ताले आगामी संस्करणदेखि पर्वतीय दौडको क्षेत्र विस्तारसँगै दूरीसमेत बढाउन सुझाव दिएका छन् । प्रतियोगितालाई थप व्यवस्थित, परिस्कृत र अन्तर्राष्ट्रियस्तरमा परिचित गराउन दौडको दूरी बढाउँदै नयाँ पर्यटकीय क्षेत्रलाईसमेत समेट् नुपर्नेमा वक्ताहरूले जोड दिए । पोखरा महानगरपालिका वडा नं. २२ का वडाध्यक्ष हिमलाल बरालले निर्माणाधिन २७ किलोमिटर फुटट्याकलाई उपयोग गर्दै आगामी दिनमा प्रतियोगिता फुटट्याकमै सञ्चालन गर्न सकिने बताए । स्थानीयवासीलेसमेत प्रतियोगितालाई आफ्नै कार्यक्रमका रूपमा ग्रहण गरेको उल्लेख गर्दै उनले यसको निरन्तरताका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव टङ्कप्रसाद ढकालले प्रतियोगिताको क्षेत्र विस्तार गर्दै विदेशी धावकको सहभागिता बढाउनुपर्ने बताए । दौड मार्गमा आवश्यक साइनबोर्ड राख्नुपर्ने सुझाव दिँदै उनले आगामी संस्करणलाई थप व्यवस्थित बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाए। कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालले ओख्लेडाँडासम्म पुग्ने गरी दौडको दूरी विस्तार गर्न सुझाव दिए । पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले प्रतियोगिताको अन्तर्राष्ट्रिय पहिचान बढ्दै गएकोमा खुसी व्यक्त गर्दै थप ब्रान्डिङ र प्रचारप्रसारमा जोड दिएर प्रतिकूल मौसमलाई मध्यनजर गर्दै प्रतियोगिता अक्टोबर महिनाको पहिलो सातातिर आयोजना गर्न सुझाव दिए । होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले प्रतियोगिताले खेल पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याएको बताए। सहारा क्लबका पूर्वअध्यक्ष विक्रम थकालीले खेल पर्यटनसँगै सामाजिक तथा अन्य पवित्र उद्देश्यसमेत जोडेर प्रतियोगितालाई अघि बढाउनुपर्ने धारणा राखे। प्रतियोगिताका रेस डाइरेक्टर ओम गुरुङले धावकका सामान व्यवस्थापनका लागि आगामी संस्करणमा विशेष व्यवस्था गर्नुपर्ने बताए । हस्पिटालिटी पार्टनरका रूपमा जोडिएको मेडिप्लस हस्पिटल एन्ड ट्रमा सेन्टरका प्रमुख कार्यक्रम सञ्चालन अधिकृत प्रकाश विकले आगामी वर्ष पनि सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। नेलम्बो नेपालका कार्यक्रम अधिकृत भीम भण्डारीले स्थापनाकालदेखि नै मेडिकल पार्टनरका रूपमा सहकार्य गर्न पाएकामा खुसी व्यक्त गरे । शुक्रराज माविका प्राचार्य नरनाथ बरालले प्रतियोगिताले पुम्दी-भुम्दी क्षेत्रको खेल पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याएको भन्दै विद्यालयकातर्फबाट आवश्यक सहयोग गर्ने बताए ।

स्वयंसेवक परिचालन संयोजक एवं वडा युवा परिषद् पोखरा-२२ का अध्यक्ष दिनेश बरालले तेस्रो संस्करणमा अघिल्ला दुई संस्करणको तुलनामा उल्लेख्य सुधार भएको बताउँदै आगामी दिनमा स्वयंसेवक व्यवस्थापनलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाए। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव परशुराम शर्माले प्रतियोगितालाई खेलाडी उत्पादन र खेल पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याएको बताए। प्रेस स्वतन्त्रताका सेनानी पदम रेग्मीले प्रत्येक वर्ष दौडको मार्ग परिवर्तन गर्दा नयाँ पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा सहयोग पुग्ने सुझाव दिए । टान गण्डकीका सचिव भूपेन्द्र कुँवर लामाले प्रतियोगितालाई पोखराको ब्रान्डका रूपमा स्थापित गर्न वार्षिक क्यालेन्डरमै मिति तय गर्नुपर्ने बताउँदै टान गण्डकीको सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।



कार्यक्रममा पर्यटन विज्ञ दीपेन्द्र पहारी, पत्रकार विजय नेपालीलगायतले सामान्य त्रुटिलाई निराकरण गरेर अगाडि बढ्न सुझाव दिए । पोखरा प्रवर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले पोखरा क्षेत्रको समग्र खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगितालाई निरन्तरता दिइँदै आएको बताए ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीलगायत पोखराका विभिन्न पर्यटन, सञ्चार र खेलसम्बद्ध संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको कार्यक्रममा विभिन्न सहयोगीलाई प्रशंसापत्रसमेत प्रदान गरिएको थियो । विश्व पर्यटन दिवसको सन्दर्भमा आयोजना हुँदै आएको तेस्रो पर्वतीय दौड प्रतियोगितामा खुलातर्फ नरेन्द्रसिंह रावत, महिलातर्फ दीर्पा बस्नेत, यू-१६ तर्फ कमल बिक, पोखरा-२२ वडातर्फ क्रिशल परियार, भेट्रान्सतर्फ तेजबहादुर गुरुङ र विदेशी धावकतर्फ फ्रान्सका माथियस डियोन प्रथम भएका थिए । प्रतियोगिता पोखरा-२२ को पुम्दी-भुम्दी क्षेत्रमा आयोजना गरिएको थियो ।

दमौली खेलमैदान स्तरोन्नति गरिँदै

पोखरापत्र संवाददाता
दमौली, २६ कार्तिक

ठूला खेलकुद प्रतियोगिता आयोजना गर्न नसक्दा सेभेन ए साइड फुटबलमा सीमित हुँदै आएको तनहुँको दमौली खेलमैदान स्तरोन्नति हुने भएको छ । व्यास नगरपालिका-३ बिपी वनवाटिकास्थित खेलमैदानलाई व्यवस्थित बनाउन सङ्घीय सरकारबाट रु दुई करोड बजेट विनियोजन भएपछि स्तरोन्नतिको प्रक्रिया अघि बढेको हो ।

खेलमैदानको स्तरोन्नतिका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ । विनियोजित बजेटबाट मैदान व्यवस्थित गर्नुका साथै खेलाडीका लागि कपडा फेर्ने कक्ष र शौचालय निर्माण गरिनेछ ।

नगर खेलकुद समितिका अध्यक्ष एवं व्यास नगरपालिका-६ का वडाध्यक्ष जीवन गुरुङले खेलमैदान स्तरोन्नतिका लागि सङ्घीय सरकारबाट प्राप्त बजेट कार्यान्वयन प्रक्रिया अघि बढिसकेको बताउनुभयो । नगरपालिकाको बजेटबाट यसअघि नै खेलमैदानमा 'प्यारापिट' निर्माण गरिसकिएको छ । प्यारापिट निर्माणपछि अब मैदानको अवस्था सुधार गर्दै खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक पूर्वाधार थप्ने तयारी गरिएको गुरुङले जानकारी दिनुभयो ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले खेलमैदान रहेको जग्गा जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको र खेलमैदानलाई व्यवस्थित बनाउने प्रयास भइरहेको उल्लेख गर्नुभयो । आवश्यक पूर्वाधार थपिएपछि खेलमैदानलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहज हुने उहाँको भनाइ छ ।

दमौली खेलमैदानमा आवश्यक पूर्वाधारको अभाव हुँदा ठूला खेलकुद प्रतियोगिता आयोजना गर्न कठिनाइ हुँदै आएको छ । हाल यहाँ मुख्यतः सेभेन ए साइड फुटबल प्रतियोगिता मात्रै सञ्चालन हुने गरेको छ । खेलमैदानको अवस्था सुधार गरी आवश्यक संरचना निर्माण गर्न सके जिल्लास्तरीय तथा ठूला प्रतियोगिता आयोजना गर्ने सम्भावना बढ्नेछ । यसबाट स्थानीय खेलाडीलाई अभ्यास र प्रतिस्पर्धाका अवसर उपलब्ध गराउन पनि सहयोग पुग्ने अपेक्षा गरिएको खेलकुद समितिका अध्यक्ष गुरुङले बताउनुभयो । आधुनिक सुविधासहितको खेलमैदान निर्माणले व्यास नगरपालिकाको समग्र खेलकुद क्षेत्रको विकासमा सकारात्मक प्रभाव पार्नेछ। यसले स्थानीय तथा क्षेत्रीय स्तरका प्रतियोगिताहरू आयोजना गर्न सहयोग पुग्ने विश्वास गरिएको दमौलीका युवा भुवन गोशलीले बताउनुभयो। वर्षौंदेखि युवाहरूको सपनाका रूपमा रहेको फुटबल मैदान निर्माणका लागि बजेट सुनिश्चित भएकामा उहाँले खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "खेलमैदानका लागि बजेट विनियोजन भएपछि खेलप्रेमी युवामा नयाँ उत्साह थपिएको छ। खेलकुद पूर्वाधारको विकासले युवाहरुलाई सकारात्मक बाटोमा अग्रसर गराउनाका साथै दमौलीलाई खेलकुदको केन्द्रका रुपमा स्थापित गर्न सहयोग पुग्नेछ ।"

दिवङ्गत अभिभावकको स्मृतिमा विद्यालयलाई १५ लाख सहयोग

पोखरापत्र संवाददाता
म्याग्दी, २६ कार्तिक

म्याग्दीको मंगला गाउँपालिका-१ कुहुँस्थित दीपशिखा माध्यमिक विद्यालयलाई स्थानीय एक दम्पतीले दिवंगत अभिभावकको स्मृतिमा रु. १५ लाख बढी सहयोग गर्नुभएको छ।

कुहुँको तुसारेपानी घर भई हाल अष्ट्रेलियामा रहनुभएका मुक्ति रोका र टिका रोका दम्पतीले स्वर्गीय बुबा गणेशबहादुर र आमा पोविसरा रोकाको स्मृतिमा उक्त सहयोग गर्नुभएको हो।

विद्यालयका प्रधानाध्यापक डा. नन्दबहादुर खत्रीले बिहिबारदेखि सञ्चालन हुने शैक्षिक एवं धार्मिक महोत्सव तथा श्रीमद्भागवत धनधान्याञ्चल सप्ताह ज्ञान महायज्ञकी लागि रोका दम्पतीले रु. १५ लाख पाँच हजार ५५५ सहयोग गर्नुभएको जानकारी दिनुभयो।

रोका दम्पतीले यसअघि पनि विद्यालयमा रु. १० लाखको अक्षयकोष स्थापना गर्नुभएको थियो। उक्त कोषबाट हरेक वर्ष विद्यार्थीलाई खेलकुद तथा अन्य शैक्षिक गतिविधिमा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन हुँदै आएको छ। तत्कालीन समयमा मुक्ति रोकाकी आमा पोविसराको दुर्घटनामा निधन भएपछि उहाँका बुबा तथा तत्कालीन कुहुँ गाविसका सचिव गणेशबहादुर रोकाले विसं २०६३ मा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक पुरस्कार प्रदान गर्ने उद्देश्यले अक्षयकोष स्थापना गर्नुभएको थियो। कोरोना सङ्क्रमणका कारण गणेशबहादुरको निधन भएपछि उहाँहरूको योगदानको सम्मान गर्दै कोषको नाम गणेशबहादुर र पोविसरा रोका स्मृति अक्षयकोष राखिएको थियो। यसैबीच, विद्यालयमा बिहीबारदेखि सुरु हुने महायज्ञको तयारी पूरा भएको सहायक प्रधानाध्यापक हरिकृष्ण भट्टराईले जानकारी दिनुभयो। मङ्सिर ३ गतेसम्म विद्यालय परिसरमा सञ्चालन हुने महायज्ञमा बुधबारसम्म करिब रु. ४० लाख सहयोग प्रतिबद्धता प्राप्त भएको छ। महायज्ञमा विद्यालयका पूर्वप्रधानाध्यापक भद्रबहादुर क्षेत्रीले रु. पाँच लाख पाँच हजार ५५५, पूर्वविद्यार्थी महेन्द्र घर्तीले रु. तीन लाख ५० हजार र पूर्वसांसद नरबहादुर पुनले रु. तीन लाख सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ। विद्यालयले विपन्न, भौगोलिक रूपमा विकट तथा अपायक स्थानका विद्यार्थीलाई आवासीय सुविधा उपलब्ध गराई अतिरिक्त कक्षा सञ्चालन गर्ने र सिकाइ उपलब्धि वृद्धि गर्ने उद्देश्यले महायज्ञ आयोजना गरेको हो। महायज्ञबाट रु. तीन करोड सङ्कलन गरी रु. दुई करोडभन्दा बढी बचत गर्ने लक्ष्य राखिएको सहायक प्रधानाध्यापक भट्टराईले बताउनुभयो।

महायज्ञमा पण्डित दीनबन्धु पोखरेलले श्रीमद् भागवत कथा वाचन गर्नुहुनेछ। सप्ताहव्यापी महायज्ञमा भागवत पाठपारायण, पूजाआजा, भजनकीर्तन, कलशयात्रा, आरती तथा झाँकी प्रदर्शनलगायत धार्मिक कार्यक्रम सञ्चालन गरिने विद्यालयले जनाएको छ। प्रविधिको प्रयोग र शैक्षिक गुणस्तर अभिवृद्धि गरी स्थानीय स्तरमै गुणस्तरीय शिक्षा उपलब्ध गराउने विद्यालयको लक्ष्य छ। अध्ययनका लागि बालबालिकालाई सहरबजार पठाउनुपर्ने बाध्यता न्यूनीकरण गर्दै गाउँमै राम्रो शैक्षिक वातावरण निर्माण गर्न महायज्ञबाट प्राप्त रकम परिचालन गरिने जनाइएको छ। विसं २०१७ मा स्थापना भएको दीपशिखा माध्यमिक विद्यालयमा कक्षा १ देखि १२ सम्म पठनपाठन हुँदै आएको छ। विसं २०४७ देखि माध्यमिक र २०६५ देखि कक्षा ११ र १२ को पढाइ सुरु गरेको विद्यालयमा हाल १९६ विद्यार्थी अध्ययनरत छन्।

दीपशिखा महिला कृषि सहकारीमा कल्पना गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक



महिलाहरु मात्रै सेयर सदस्य रहेको पोखरा महानगरपालिका वडा नम्बर २९ को दीपशिखा महिला कृषि सहकारी संस्थाको १३औं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनले आगामी कार्यकालका लागि अध्यक्ष पदमा कल्पना गुरुङलाई सर्वसम्मत चयन गरेको छ। उपाध्यक्ष पदमा रक्षा अधिकारी भण्डारी सचिव पदमा अनिता आचार्य कोषाध्यक्षमा सम्झना तिमिल्सेना सुवेदी,सहसचिव पदमा कमला भण्डारी सर्वसम्मत चयन भएका छन्।

यसैगरी सञ्चालक समितिको सदस्यहरूमा सिर्जना आत्रेय ,अनिता थापा केसी, विना सुवेदी र शान्ति क्षेत्रीचयन भए। यसैगरी लेखा सुपरिवेक्षण समितिको संयोजकमा सीतामाया सिन्जाली आले मगर र सदस्यहरूमा सावित्री भण्डारी तथा विनिशा क्षेत्रीचयन भएका छन्। यस अघि साधारण सभाको उद्घाटन गर्दै संस्थापक अध्यक्ष विष्णुमाया पौडेलले महिलाहरूद्वारा सञ्चालित सहकारीले छरिएर रहेको पुँजीलाई एकीकृत गर्दै सेयर पुँजी २ करोड ६ लाख ९ हजार निक्षेप संकलन ३ करोड १९ लाख २० हजार तथा कर्जा लगानी ४ करोड ९० लाख ४७ हजार संकलन गर्नु तथा ५ करोड ५४ लाख ६६ हजारको कारोबार गर्न सक्नु महत्वपूर्ण रहेको धारणा राखिन्।

कार्यक्रममा दीपशिखा पुस्तकालयकी उपाध्यक्ष एवं सहकारीकी सेयर सदस्य निर्मला पौडेल,सल्लाहकार मेजर रामप्रसाद गुरुङ , सेयर सदस्यबाट कल्पना शर्मा जैसीले शुभकामना मन्तव्य राखे। जम्मा सेयर सदस्य ५०६ जना रहेको यस महिला सहकारीले छोटो समयमा छोटो समयमा उल्लेख्य प्रगति गरेको छ। साधारण सभामा अध्यक्ष शिवकुमारी सुवेदीको प्रगति प्रतिवेदन कोषाध्यक्ष रक्षा भण्डारीको आर्थिक प्रतिवेदन तथा लेखा संयोजक ईश्वरी भण्डारीको प्रतिवेदन पारित गरिएका थिए। कार्यक्रममा व्यवस्थापक कृष्णकुमारी पोखरेल, कर्मचारी शर्मिला भण्डारी, कृषि कारोबारका लागि एक वर्षसम्म निःशुल्क रुपमा आफ्नो १० रोपनी जग्गा उपलब्ध गराउने सेयर सदस्य सिर्जना आत्रेयलाई सम्मान गरिएको थियो।

निर्वाचित कार्यसमितिका सम्पूर्ण पदाधिकारीहरूलाई निर्वाचन समितिका संयोजक मदनप्रसाद तिवारीले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। भने सदस्य माधव भण्डारी र पूर्व अध्यक्ष गोमा आचार्य निर्वाचन मण्डलका सदस्य रहेका थिए। समितिले नवनिर्वाचित समितिलाई बधाई ज्ञापन गरेका थिए।

निवर्तमान अध्यक्ष शिवकुमारी सुवेदीले आफ्नो धारणा राखेकी थिइन् भने नवनिर्वाचित अध्यक्ष कल्पना गुरुङले भावी योजनाहरू प्रस्तुत गरेकी थिइन्।

भिमादमा एक वर्षमा सडक, खानेपानी र सिँचाइका योजना सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, २६ कार्तिक



भिमाद नगरपालिकाले गत आर्थिक वर्षमा सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य तथा धार्मिक र सांस्कृतिक सम्पदासम्बन्धी विभिन्न पूर्वाधार आयोजना सम्पन्न गरेको छ।

नगरपालिकाले सडक स्तरोन्नति, खानेपानी विस्तार, सिँचाइ संरचना निर्माण तथा सार्वजनिक सुविधाका पूर्वाधार विकासलाई प्राथमिकता दिँदै आधारभूत सेवाको पहुँच विस्तार गरेको हो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शोभाकर पोखरेलका अनुसार गत एक वर्षमा एक हजार ७८८ दशमलव ५ मिटर सडक कालोपत्र तथा ढलान गरिएको छ। यससँगै नगरपालिकाभित्र हालसम्म कालोपत्र तथा ढलान गरिएको सडकको कुल लम्बाइ २१ हजार २० दशमलव ५ मिटर पुगेको छ। यस अवधिमा तीन हजार ४१९ मिटर सडक ग्राभेल गरिएको छ। नगरपालिकाभित्र हालसम्म ग्राभेल गरिएको सडकको लम्बाइ १९ हजार ५९९ मिटर पुगेको छ।

त्यसैगरी, तीन हजार ४१९ मिटर नयाँ सडकको ट्र्याक खोलिएको छ। यससँगै नगरपालिकामा हालसम्म खोलिएको नयाँ सडकको ट्र्याकको लम्बाइ ८३ हजार २७१ मिटर पुगेको छ। स्थानीय बस्तीलाई सडक सञ्जालमा जोड्ने, आवागमन सहज बनाउने र ग्रामीण क्षेत्रका नागरिकको दैनिक जीवनयापनमा सहजीकरण गर्ने उद्देश्यले सडक निर्माण तथा स्तरोन्नतिका काम गरिएको पोखरेलले बताउनुभयो।

नगरपालिकाले खानेपानीको पहुँच विस्तारलाई पनि प्राथमिकता दिएको छ। गत एक वर्षमा थप १०१ परिवारमा खानेपानी सुविधा विस्तार गरिएको छ। त्यस्तै, कृषि उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले यस अवधिमा ७०० मिटर सिँचाइ पूर्वाधार निर्माण गरिएको छ। यससँगै नगरपालिकामा हालसम्म निर्माण गरिएको सिँचाइ संरचनाको कुल लम्बाइ चार हजार ९४० मिटर पुगेको छ। सिँचाइ सुविधा विस्तारले खेतीयोग्य जमिनमा पानीको उपलब्धता बढाउनुका साथै कृषि उत्पादनमा सहयोग पुग्ने पोखरेलले बताउनुभयो। धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र विकासअन्तर्गत गत एक वर्षमा मन्दिर, गुम्बा र चर्च गरी तीनवटा संरचना निर्माण तथा विकास गरिएको छ। यससँगै नगरपालिकाभित्र यस्ता धार्मिक संरचनाको सङ्ख्या ९६ पुगेको छ। त्यसैगरी, स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि एउटा स्वास्थ्यचौकी थपिएको छ। सार्वजनिक यातायातका यात्रुलाई सहजताका लागि तीनवटा यात्रु प्रतीक्षालय निर्माण गरिएको छ। यससँगै नगरपालिकामा यात्रु प्रतीक्षालयको सङ्ख्या १० पुगेको छ। यसैगरी नगरपालिकाले विभिन्न बजेटका आयोजना कार्यान्वयनलाई पनि प्राथमिकता दिएको छ। गत एक वर्षमा रु ५० लाखभन्दा बढी बजेटका चारवटा आयोजना सम्पन्न भएका छन्। त्यस्तै, रु पाँच लाखदेखि रु ५० लाखसम्म बजेट विनियोजन भएका ५१ वटा र रु पाँच लाखसम्म बजेट भएका १५५ वटा आयोजना सम्पन्न गरिएको छ। सानादेखि ठूला बजेटका आयोजना कार्यान्वयनले स्थानीय आवश्यकता सम्बोधन गर्न र विभिन्न वडामा विकास निर्माणका काम अघि बढाउन सहयोग पुगेको नगरप्रमुख दधिराज सुवेदीले बताउनुभयो। सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य, धार्मिक सम्पदा तथा सार्वजनिक सुविधासम्बन्धी पूर्वाधारमा गरिएको लगानीले नगरको समग्र विकासमा योगदान पुऱ्याउने उहाँको भनाइ छ।

तनहुँ प्रहरीको सर्च एण्ड स्विप अपरेसन: ३३ जना नियन्त्रणमा

पोखरापत्र संवाददाता
दमौली, २६ कार्तिक

जिल्ला प्रहरी कार्यालय तनहुँ तथा मातहतका प्रहरी इकाईबाट खटिएको प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको सर्च एण्ड स्विप अपरेसनका क्रममा ३३ जनालाई नियन्त्रणमा लिएको छ।

प्रहरीले लागुऔषध नियन्त्रण, जुवातास, अवैध मदिरा, शान्ति सुरक्षा कायम, फरार प्रतिवादी पक्राउ, चोरी नियन्त्रण तथा प्राकृतिक स्रोतसाधनको अनधिकृत प्रयोग रोकथामलगायतका उद्देश्यले विशेष अभियान सञ्चालन गरेको हो।

अपरेसनका क्रममा नियन्त्रणमा लिइएका ३३ जनामध्ये चार जनालाई आफन्तको जिम्मा लगाई छाडिएको छ भने बाँकी २९ जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा शान्ति सुरक्षा कायम गर्न विभिन्न गैरकानुनी गतिविधि नियन्त्रण गर्न प्रहरीले सर्च एण्ड स्विप अपरेसनलाई निरन्तरता दिएको छ। यसैबीच पोखरा-मुग्लिन सडकखण्डमा सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएको चालक सचेतना कार्यक्रमलाई निरन्तरता दिइएको छ। बिहीबार बजेदेखि सञ्चालन गरिएको कार्यक्रममा विभिन्न सवारीसाधनका चालकलाई सडकको अवस्था, लेन अनुशासन तथा ट्राफिक नियमको पालना गर्नुपर्ने विषयमा सम्झाइबुझाइ गरिएको हो।

कार्यक्रमअन्तर्गत ३९ वटा दुईपाङ्ग्रे, ६७ वटा चारपाङ्ग्रे साना तथा ५४ वटा ठूला सवारसाधनका चालकलाई सचेत गराइएको छ।

देविस्थानका युवाहरुले श्रमदान गरेर सडक मर्मत गरे

पोखरापत्र संवाददाता
म्याग्दी, २६ कार्तिक

म्याग्दीको मालिका गाउँपालिका-५ मा न्यू देविस्थान युथ क्लबको आयोजनामा तिहार पर्वका अवसरमा गौडाखोलादेखि देउराली खोलासम्मको मोटरबाटो सरसफाइ तथा मर्मतसम्भार गरिएको छ।

क्लबका पदाधिकारी तथा सदस्य, आमा समूह र स्थानीय अग्रजहरूको सहभागितामा मङ्गलबार श्रमदान गरी मोटरबाटोमा जमेको माटो, ढुङ्गा तथा झाडी हटाउनाका साथै आवश्यक मर्मतसम्भार गरिएको हो। बर्खायाममा अवरुद्ध सडक मर्मतमा ढिलाइ हुँदा स्थानीयवासीलाई आवतजावत र ढुवानीमा समस्या भएको थियो। सरकारी निकायको मुख ताकेर बस्दा ढिलाइ भएपछि युवाहरुले सडक मर्मतका लागि अगुवाइ गरेका हुन्। अभियानमा ३० जना युवा सहभागी भएको क्लबका सचिव सुभास पुन मगरले जानकारी दिनुभयो। उहाँका अनुसार तिहार मनाउन जन्मथलोमा भेला भएका युवीहरुले सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले सडक मर्मत गर्न श्रमदान गरेका हुन्।

श्रमदान अभियानमा लक्ष्मीकुमार पुन, रेशम घर्ती मगर र रेकबहादुर पुनले ढुवानीका लागि ट्र्याक्टरको भाडा र खाजाका लागि आर्थिक सहयोग गर्नुभएको क्लबले जनाएको छ। खाजामा रु १० हजार ७९० खर्च भएको क्लबले जनाएको छ।

पुल बनेपछि यात्रा अवधि छोटियो

पोखरापत्र संवाददाता
म्याग्दी, २६ कार्तिक

म्याग्दीको धौलागिरि गाउँपालिका-७ काउसीबोट र वडा नं ४ को बाँसबोट जोड्ने झोलुङ्गे पुल निर्माण भएपछि यात्रा अवधि छोटिएको छ।

सङ्घीय सरकारको सस्पेन्सन ब्रिज डिभिजन काठमाडौंले म्याग्दी नदीमाथि ३०३ मिटर लामो झोलुङ्गे पुल निर्माण गरेको हो। धौलागिरि गाउँपालिका-७ का राजकुमार कोइरालाका अनुसार पुल निर्माणपछि आवतजावतका लागि यात्रा अवधि छोटिनुका साथै पर्यटकको चहलपहल बढेको बताउनुभयो। उहाँका अनुसार एक घण्टाको यात्रा अवधि पाँच मिनेटमा छोटिएको छ।

धैलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले उक्त पुलबाट हिलापोखरी, बाँसबोट, खोरबाङ, सोलवाङ, खारा, खाम्ला, छहरी, खिवाङ, शिवाङ, ताकम, काफलडाडाका बासिन्दा लाभान्वित भएका जानकारी दिनुभयो।

उहाँका अनुसार बाँसबोटका किसानले उत्पादन गरेको केरा बजारीकरणमा सहज भएको छ। पुल निर्माणका लागि २०८२ साल असारमा रामकृष्ण-सोमरस जेभी र डिभिजनबीच रु एक करोड ६४ लाख १५ हजार २५४ मा ठेक्का सम्झौता भएको थियो।

श्री सैनिक आवासीय महाविद्यालय
फुलबारी, पोखरा

कार्यालय उपकरण खरिदको लागि सिलवन्दी दरभाउ पत्र आव्हानको सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८३/०७/२७ गते)

१. यस महाविद्यालयको लागि आवश्यक कार्यालय उपकरण खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्य दरभाउपत्रदाताहरुको लागि यसै सूचनाद्धारा यो शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

शिलवन्दी दरभाउपत्रको विवरण

सि. नं.	सूचना नं.	विवरण	पेश गर्नुपर्ने दरभाउपत्र जमानत	फाराम दस्तुर ने.रु.	दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, स्थान र समय	दरभाउपत्र पेश गर्ने अन्तिम मिति, स्थान र समय	दरभाउपत्र खोल्ने मिति, स्थान र समय
१	NAWF/SAMV/ GOODS/ PKR/ 2083/84/20	कार्यालय उपकरण	रु. ४०,०००।-	१,०००।-	२०८३/०८/०३ गते सैनिक आवासिय महाविद्यालय फुलबारी पोखरा कार्यालय समयभित्र	२०८३/०८/०४ गतेको १२:०० बजेभित्र	२०८३/०८/०४ गतेको १३:०० बजे फुलबारी पोखरा

२. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट खोल्ने मिति कायम हुनेछ। थप जानकारीको लागि श्री सैनिक आवासीय महाबिद्यालय, फुलबारी पोखरा फोन नं: ०६१-५७७७४६

३. माथि उल्लेखित दरभाउपत्र (बुकलेट) शिलबन्दी गरी पेस गर्नु पर्नेछ।

४. कुनै वा सबै दरभाउपत्र, पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार महाविद्यालयमा निहित रहनेछ।

५. उल्लेख भए अनुसार बोलपत्र दस्तुर र धरौटी बुझाउनु हुन :
(क) बैंकको नाम: हिमालयन बैंक लिमिटेड (ख) धरौटी खाता नं. ०१६०२४९५८३००२४
(ग) खाता संचालकको नाम: सैनिक आवासीय महाबिद्यालय, फुलबारी पोखरा

६. दरभाउपत्र खरिद गर्न आउँदा दरभाउपत्र दस्तुर तोकिएको खातामा जम्मा गरि सक्कलै भौचर लिई आउनु पर्ने र दरभाउपत्र जमानत दाखिला भौचर दरभाउपत्र सम्बन्धी कागजादमा समावेश गरि पेश गर्नु पर्नेछ।